मनकामना दर्शन (प्रा) लि.
MANAKAMANA DARSHAN (P.) LTD.
P.O. Box No.: 4416, Manakamana Marg, Nagpokhari, Naxal, Kathmandu, Nepal
Tel.: 4534648, 4534825, 4534860, Fax : 977-1-4534515
Tel. (Station): (056) 410012, (056) 410044
Website: www.manakamanacablecar.com
email: info@manakamanacablecar.com

MANAKAMANA CABLE CAR
ISO 9001:2015 Certified

## मनकामना केवुलकारको स्तरोन्नति बारे जानकारी

संचालनको २५ वर्ष पूरा गरी २६ औं वर्षमा संचालन भइरहेको मनकामना केवुलकार नेपालको प्रथम तथा सर्वलोकप्रिय केवुलकार मानिन्छ। अष्ट्रियाको विश्वकै १ नं. कम्पनी डोपलमायर (Doppelmayr) बाट आयातित मेशिनरीहरू बिना कुनै प्राविधिक समस्या अटुट रूपमा २६ औं वर्षमा संचालनमा आइरहेको कुरा सर्वविदितै छ।

२६ वर्ष अगाडि जडित यो प्रविधिमा क्रमिक रूपले समय अनुरूप धेरै विकास भइसकेको र हाल निर्माता कम्पनीले समेत यसका पार्टपूर्जा आदि दिन निकट भविष्यमा समस्या रहने र निर्माता कम्पनीकै सुझावमा समय सापेक्ष अनुसार केवुलकारको स्तरोन्नति गर्न लागिएको हो।

हाम्रो प्रविधि (Analogue) एनालोगमा आधारित प्रविधि हो र यसमा जडित मेन मोटर D. C. करेन्टबाट चल्दछ। हाल स्तरोन्नति हुने प्रविधि डिजिटल र नवीनतम् प्रविधि हो र यसलाई Doppelmayr को D-Connect System भनिन्छ। यसमा सम्पूर्ण डिजिटल प्रविधिबाट चल्नुका साथै यसको मेन मोटर अब AC करेन्टबाट चल्नेछ। पुरानो मोटर, Control System, Panel हरू सबै यसै प्रणालीमा आधारित हुने भएकोले सबै नै मुख्य मेशिनरीहरू सोही अनुसार फेरिने हुन्छ। त्यस्तै हाल दुई स्टेशन बीच जडित Communication Cable समेत डिजिटल प्रविधि अनुरूप हुने भएकोले सो पनि फेरिने हुन्छ जस्को लम्बाई करीव ३२०० मिटरको हुनेछ।

त्यस्तै (Main Haulage Cable) मेन केवल तार लट्ठा पनि क्रमशः पुरानो भएकोले सो समेत यसै पटक रोकिएको अवधिमा फेरिने छ र त्यसको लम्बाई करीव ६५०० मिटरको हुनेछ।

केवुलकारको सबैभन्दा सुरक्षा दृष्टिकोणले मुख्य मानिने Grip हरू, जस्को माध्यमबाट Gondola तारमा झुन्डिने हुन्छ, सम्पूर्ण फेर्ने कार्य २ वर्ष अघि नै सम्पन्न गरिसकेका छौं।

डोपलमायरको प्राविधिकहरू नै आएर गर्ने सो कार्य गर्न लाग्ने समयको प्रारम्भिक अनुमान ५० दिन लाग्ने डोपलमायर प्राविधिकहरूको छ। तर मौसम आदि अन्य कुराको आधारमा अनुमानित समय चाँडो पनि हुन सक्छ वा लम्बिन सक्ने समेत हुन सक्छ। यस विषयमा हामी आदरणीय यात्रुहरूलाई समयभित्रमा नै सूचित गर्नेछौं।

मनकामना दर्शन (प्रा.) लि. MANAKAMANA DARSHAN (P.) LTD.

मनकामना दर्शन (प्रा) लि.
MANAKAMANA DARSHAN (P.) LTD.
P.O. Box No.: 4416, Manakamana Marg, Nagpokhari, Naxal, Kathmandu, Nepal
Tel.: 4534648, 4534825, 4534860, Fax : 977-1-4534515
Tel. (Station): (056) 410012, (056) 410044
Website: www.manakamanacablecar.com
email: info@manakamanacablecar.com


MANAKAMANA CABLE CAR
ISO 9001:2015 Certified

**हाल गरिने मुख्य कार्यहरू:**

१) मेन लठ्ठा (Main Haulage Cable) तार फेर्ने ।

२) Communication तार फेर्ने ।

३) Thyrestor Panel तथा Operation Panel फेरिने (Digital Control System)।

४) सम्पूर्ण Wiring हरू फेरिने ।

५) DC Main Motor फेरि AC Main Motor Drive राखिने ।

६) ३ वटा Tower Overhauling गरिने ।

७) अन्य अत्यावश्यक कार्यहरू गरिने ।

८) जनशक्ति तालिम On The Job Training गरिने ।

यस कार्य गरिंदा स्टेशन भवन, Tower हरू, Bull Wheel तथा Bullwheel Frame र Gondola यथावत नै रहनेछ । तथापि २ वर्ष अगावै यसमा गर्नुपर्ने आवश्यक जाँच पडताल तथा अन्य Tower हरूको Overhauling डोपलमायरका प्राविधिकहरूले गरी मर्मत तथा फेरिनु पर्ने (मुख्यतया मेकानिकल सामान) कार्य गरिसकेको छ ।

डिजिटल प्रविधि अनुसार यसको संचालन छुट्टै Software बाट कम्प्युटर प्रणालीबाट संचालनमा आउनुका साथै कतिपय प्राविधिक समस्या डोपलमायरबाट अष्ट्रियाबाट नै Online समाधान गर्न सकिने हुन्छ ।

स्तरोन्नति कार्यको लगानी करीव रू. ५० करोडको हुनेछ ।

केवुलकार तल्लो स्टेशनमा रहेको रेष्टुरेन्ट उक्त बन्द अवधिभर यथावत संचालन भई सेवा प्रदान गरिनेछ ।

मनकामना दर्शन (प्रा.) लि. MANAKAMANA DARSHAN (P.) LTD.

राजेश बाबु श्रेष्ठ
निर्देशक
मिति: २०।०३।२०८१



25 YEARS OF SERVICE